# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं. : २०७६/७७ २०७७/०२/२९

च.नं. : मिति :

**राय सुझाव उपलब्ध गराउने सम्बन्धमा हार्दिक अपील।**

श्री सरोकारवाला,
सत्यवती गाउँपालिका।

सत्यवती गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको तयारीमा गाउँ कार्यपालिका अगाडि बढिरहेको छ। गाउँपालिकाले लिने सर्वाङ्गीण एवम विषयगत नीति, कार्यक्रम र बजेटमा जनताको इच्छा र आवश्यकता समेटिएमा आवश्यकताको सम्बोधन र उच्च प्रतिफल प्राप्त गर्न सकिन्छ भन्ने कार्यपालिकाको ठहर रहेको छ। तर हाल कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण फैलिइरहेको अवस्थामा बैठक, भेला, सभा गरी वार्षिक नीति, कार्यक्रम तथा बजेटका लागि राय सुझाव संकलन गर्न जोखिम हुने भएकाले अन्य वैकल्पिक उपायहरुको प्रयोग गरी राय सुझाव संकलन गर्न लागिएको छ। तसर्थ गाउँपालिकाको समग्र क्षेत्रको समृद्धि, सार्वजनिक सेवा प्रवाह सुधार, आ.ब.०७७/७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेटका लागि आफ्ना अमूल्य राय, सूझाव गाउँपालिकाको इमेल satyawatigaunpalika @gmail.com, मोबाइल एप्स, सामाजिक सञ्जाल, एवम् फोन सम्पर्क गरी उपलब्ध गराइदिनुहुन सम्बन्धित सरोकारवालामा हार्दिक अपील गर्दछु।

पारिश्वर ढकाल
अध्यक्ष

पारिश्वर ढकाल
अध्यक्ष

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np